कपुरकोट गाउँपालिका
कपुरकोट गाउँकार्यपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

**भाग ३ संख्या १६ मितिः २०८१/०३/०६**

## न्यूनतम समर्थन मूल्य कोष सञ्चालन सम्बन्धी कार्यविधि,२०८१"

गाउँ कार्यपालिकाबाट पारित मितिः २०८१/०३/०६

प्रमाणिकरण मितिः २०८१/०३/०६

**प्रस्तावनाः**कपुरकोट गाउँपालिकाका अधिकांश व्यवसायिक कृषकहरुको उत्पादन लागत भन्दा पनि कम मूल्यमा तरकारी लगायत कृषि उपजको बिक्री गर्नुपर्ने अवस्था बारम्बार दोहोरिरहेको पाईएको छ । कृषकहरुलाई कृषि उत्पादनको बजारीकरण र उचित दरभाउ प्रति सुनिश्चितता कायम गरि कृषि पेशालाई थप प्रोत्साहन गर्नका निम्ति पालिका स्तरीय न्यूनतम समर्थन मूल्य निर्धारण गर्न आवश्यक देखिएकोले कृषकहरुको उत्पादन लागतलाई आधार मानी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ "ण" मा भएको व्यवस्था अनुरुप कपुरकोट गाउँकार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

### परिच्छेदः १ प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

१) यस कार्यविधिको नाम "कपुरकोटगाउँपालिकाको **न्यूनतम समर्थन मूल्य कोष सञ्चालन सम्बन्धी कार्यविधि,२०८१"** रहको छ ।

२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति बाट लागु हुनेछ ।

**२. परिभाषा र व्याख्याः**

(क) “गाउँपालिका” भन्नाले कपुरकोटगाउँपालिका, सम्झनु पर्छ ।

(ख) “अध्यक्ष” भन्नाले कपुरकोट गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ग) "उपाध्यक्ष" भन्नाले कपुरकोट गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(घ) “प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कपुरकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ङ) “वडा” भन्नाले कपुरकोट गाउँपालिकाको वडा कार्यालयलाई सम्झनुपर्छ ।

(च) उत्पादक” भन्नाले कृषिवस्तु उत्पादन गर्ने कृषक वा कम्पनी वा कृषि फार्म वा सहकारी उत्पादक सम्झनु पर्छ ।

(छ) "कार्यपालिका" भन्नाले कपुरकोटगाउँ कार्यपालिका सम्झनुपर्छ ।

(ज) “कृषक” भन्नाले यस कार्यविधिको प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा कृषि खेती गर्ने कृषक, कृषक समूह, कृषि व्यवसायी, कृषि फर्म र कृषि सहकारी समेतलाई सम्झनु पर्छ ।

(झ) "अनुदान” भन्नाले समाजका विभिन्न क्षेत्रका विकासको लागि कपुरकोट गाउँपालिकाबाट कुनै व्यक्ति वा संस्थालाई प्रदान गरिने संस्थागत अनुदान, कार्यक्रम अनुदान र पूँजिगत अनुदान समेतलाई जनाउनेछ ।

(ञ)"न्यूनतम समर्थन मूल्य"भन्नालले गाउँपालिकाले तोकेको अनुसुची २ मबोजिमको बसतु वा सामग्रीहरुको समितिले तोकेको मूल्य भन्दा कम बाजर मूल्यमा उत्पादकले बस्तु बिक्रि गरेको सफ्टवेयर प्रणालि बाट षुष्टी भएमा न्यूनतम मूल्य भन्दा जति कम मूल्यमा विक्रि हुन्छ तेति नै रकम उत्पादकलाई पालिकाले भुक्तान गर्ने रकमलाई सम्झनु पर्दछ ।

## परिच्छेदः२

### सहकारी वा फोकल निकाय छनौट सम्बन्धि ब्यबस्था

**३. सहकारी वा संस्था छनौट प्रक्रिया सम्बन्धी व्यवस्थाः**

१. यस कार्यक्रमको सुरुवातमा पालिकाद्वारा प्रत्येक वडामा एक वडा एक कृषि सहकारी वा संकलन केन्द्रलाई वडा स्तरीय सहकारी वा संकलन केन्द्रको रुपमा निर्धारण गर्ने छ त्यसैगरी तोकिएको कृषि सहकारी वा संकलन केन्द्रहरुमध्ये कुनै एक सहकारी वा संकलन केन्द्रको चलायमानता र सान्दर्भिकताको आधारमा पालिकास्तरीय कृषि सहकारी /संकलन केन्द्रको रुपमा छनौट गर्ने छ ।

२. पालिकाद्वारा छनौट भएको पालिकास्तरीय कृषि सहकारी /संकलन केन्द्रसँग वडा स्तरीय कृषि सहकारीहरुले आपसमा सम्झौता गरी कृषि उपजको व्यापारिक कारोबार गर्न सक्ने छन् ।

३. कृषकले कृषि उपजमा न्यूनतम समर्थन मूल्य प्राप्त गर्नको लागि गाउँपालिकाको कुनै एक कृषि सहकारीको सदस्य भइ अनुसूचि १ बमोजिमको निवेदन दिइ सहकारीमा कृषक सूचिकृत भएर तोकिएको कृषि सहकारीबाट कृषि उपजको कारोबार गरेको हुनुपर्ने छ ।

४. कृषकले गाउँपालिकाद्वारा उपलब्ध गराइने न्यूनतम समर्थन मूल्य र उत्पादनमा आधारित अनुदान सुविधा मध्ये कुनै एउटा सुविधा मात्र लिन सक्ने छन तर गाउँकार्यपालिकाले बिशेष परिस्थितिमा दुवै सुविधा दिने निर्णय गर्न सक्ने छ ।

५. अनुसूची १ मा उल्लिखत तरकारी उपजहरुमा तोकिए बमोजिमको न्यूनतम समर्थन मूल्य प्रदान गरिने छ ।

६. कृषकले उत्पादनमा आधारित अनुदान तर्फबाट कारोबार गर्दा वा न्यूनतम समर्थन मूल्यको आधारमा कारोबार गर्दा अनुसुची (१) बमोजिम मूल्य कायम हुने गरी सुविधा प्रदान गरिने छ।

७. कृषि उपजको कारोबार गर्ने सहकारी वा संकलन केन्द्रले अनुसूचि (३) बमोजिमको ढाँचामा कारोबारको अभिलेख सहित अनुदान प्राप्त गर्नको लागि कपुरकोट गाउँपालिकामा निवेदन दिनुपर्ने छ ।

८.कृषि उपजको कारोबार गर्ने सहकारीले गाउँपालिकाबाट अनुदान रकम प्राप्त भएको १५ दिन भित्र अनुदान रकम भुक्तानी गर्ने सम्बन्धमा सूचना पाटीमा सूचना टाँस गरी यथासक्य चाँडो सो रकम भुक्तान गर्नुपर्ने छ ।

९. यस कार्यक्रमको सुरुवातमा पालिकाद्वारा प्रत्येक वडामा एक वडा एक सहकारी वा संकलन केन्द्रलाई वडा स्तरीय सहकारी वा संकलन केन्द्रको रुपमा निर्धारण गर्नेछ । त्यसैगरी तोकिएको सहकारी वा संकलन केन्द्रहरुमध्ये कुनै एक सहकारी वा संकलन केन्द्रको चलायमानता र सान्दर्भिकताको आधारमा पालिका स्तरीय सहकारी / संकलन केन्द्रको रुपमा नियुक्ति गर्ने छ ।

१०. सान्दर्भिकताको र आवश्यकताको आधारमा तोकिएको संकलन केन्द्रलाई थप वा भइरहेको संकलन केन्द्रलाई खारेज गर्ने अधिकार कपुरकोट गाउँपालिकालाई हुनेछ ।

११. तोकिएको वडा स्तरीय र पालिकास्तरीय कृषि सहकारीले निम्न बमोजिमको शर्तहरु राखी पालिकासंग सम्झौता गर्नेछ ।

क) कृषि सहकारीले कृषक समूहमा उत्पादन योजना बनाउन सहयोग गर्नुपर्ने छ ।

ख) कृषि सहकारीले सरोकारवाला संघ संस्था, प्रदेश अन्तर्गतका कार्यालय, कृषि विकास कार्यालयमा प्रस्तावना पेश गरी समूहमा उत्पादन बढाउन सहयोग गर्ने ।

ग) कृषि सहकारीले कृषि जन्य उत्पादनमा बृद्धि गर्नको लागि कृषक वा कृषक समूहमा सहुलियत ब्याजदरमा ऋण लगानी गर्नुपर्ने छ ।

घ) बिक्री वितरणको लागि सहकारी वा संकलन केन्द्रले बजार व्यवस्थापन स्वयम गर्नुपर्ने छ ।

ङ) कृषि उपजको बजार व्यवस्था गर्दा के,कसरी बढी मूल्य प्राप्त गर्न सकिन्छ भनि ध्यान दिनुपर्नेछ ।

च) कृषकको उत्पादन ग्रेडिङ्, प्याकेजिङ्ग र सुरक्षित ढुवानी गर्नुपर्नेछ ।

छ) सहकारीले मूल्य निर्धारण समिति बनाइ मूल्य निर्धारण गर्नुपर्नेछ ।

ज) कृषकलाई तरकारी संकलन पछि तत्काल भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ ।

झ) सहकारी वा संकलन केन्द्रले मासिक रुपमा गाउँपालिकामा प्रगति प्रतिवेदन पेश गर्नुपर्ने छ ।

१२. यदि सहकारी/संकलन केन्द्रद्वारा राखिएको खरिद/बिक्री र मूल्यको अभिलेखिकरण गलत वा झुठा ठहरिएमा सो सहकारी/संकलन केन्द्रलाई पालिकाबाट कालोसूचीमा राखिने छ तथा नियमअनुसार कारवाही गर्ने अधिकार कपुरकोट गाउँ कार्यपालिकालाई हुनेछ ।

## परिच्छेदः ३

## अनुदान र सहायता सम्बन्धि ब्यबस्था

### ४. कृषि अनुदान तथा आर्थिक सहायता सम्वन्धी व्यवस्थाः

१) कपुरकोटगाउँपालिका भित्र रहेका कृषकहरुलाई कृषि उत्पादनको बजारीकरण र उचित दरभाउप्रति सुनिश्चितता कायम गरी कृषि पेशालाई थप प्रोत्साहन गर्नका निम्ति पालिकास्तरीय न्यूनतम समर्थन मूल्य निर्धारण गर्न आवश्यक देखिएको छ । तोकिएका तरकारी उपजको तोकिएको न्यूनतम समर्थन मूल्य भन्दा बजार मूल्य कम भएमा न्यूनतम समर्थन मूल्यको आधारमा हिसाब गणना गरी अनुदान रकम उपलब्ध गराइने छ ।

(२) उपदफा (१) बमोजिमको आर्थिक अनुदान प्राप्त गर्न कृषक र सहकारीको भूमिका देहाय बमोजिम हुनेछ

(क) न्यूनतम् समर्थन मूल्य अनुदान कार्यक्रममा सहभागी हुन र अनुदान रकम प्राप्त गर्नका निम्ति कृषकले आफ्नो उत्पादनको बिक्री अभिलेखीकरण सम्बन्धित वडाको लागि गाउँपालिकाबाट तोकिएको संकलन केन्द्रमा दर्ता गराउने र कृषि उत्पादन र बिक्रीको दैनिक लेखाजोखा कृषक स्वयंले राख्नुपर्ने छ ।

ख) गाउँपालिकाले कृर्षकहरुद्वारा संकलित उत्पादन र बिक्रीको अभिलेखिकरण व्यवस्थित र पारदर्शीपूर्वक राख्नुपर्नेछ ।

ग) सहकारी वा संकलन केन्द्रले मासिक रुपमा अनुदान रकम गाउँपालिकाबाट भुक्तानी दिनेछ र प्राप्त रकम संम्बन्धित कृषकलाई बुझाईनेछ ।

घ) उत्पादनमा आधारित अनुदान भुक्तानीको लागि सम्बन्धित संकलन केन्द्र वा सहकारीले तपशिल अनुसारको कागजातहरु गाउँपालिकामा पेश गर्नेछ ।

- निवेदन ।
- वडा कार्यालयको सिफारीस ।
- अनुसूचि २ बमोजिम संकलित उत्पादनको अभिलेखिकरण
- अनुसूचि ३ बमोजिम कृषकले रकम प्राप्त गरेको भरपाई सहकारीको मासिक प्रगति प्रतिवेदन

३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएपनि सहकारी वा संकलन केन्द्रले सफ्टवेयर प्रणाली प्रयोगमा ल्याएर ब्यबस्थित रुपमा अभिलेखिकरण कार्य गर्नसक्ने अवस्था नवन्दासम्म उल्लेखित कार्यहरु कपुरकोट कृषि उपज बजार संचालक समितिले गर्नुपर्नेछ ।

## परिच्छेदः ४

## मुल्य निर्धारण सम्बन्धि ब्यबस्था

**५.मूल्य निर्धारण समिति र कार्यन्वयन सम्बन्धी व्यवस्थाः**

गाउँपालिका भित्रको सम्पूर्ण वडाहरुमा संकलन र बिक्री दररेटमा समानता कायम गर्न मूल्य निर्धारण समिति रहनेछ र सहकारीको अभिलेखिकरणमा समितिले तोकेको दररेटमा राख्नुपर्दछ ।

**६.पालिकास्तरीय मूल्य निर्धारण समिति गठन सम्बन्धी व्यवस्थाः**

१)देहाय बमोजिमको पालिकास्तरीय एक मूल्य निर्धारण समिति गठन गरिनेछ।

क) पालिकास्तरीय कृषि उपज बजार व्यवस्थापन समितिको अध्यक्ष - संयोजक

ख) पालिकास्तरीय मूल सहकारी बजार प्रतिनिधि १ जना महिला सहित बढीमा २ जना -सदस्य

ग) अगुवा कृषक प्रतिनिधि १ जना महिला सहित बढीमा ३ जना - सदस्य

घ)कृषीबिज्ञ- सदस्य
ङ)कपुरकोट गाउँपालिका कृषिबिकास शाखा प्रमुख - सदस्य सचिब

२)अनुदान समितिले निर्धारण गरेको मूल्यको आधारमा सहकारीहरु र कृषकहरुलाई कार्यविधिअनुसार भुक्तानी दिइनेछ ।

## परिच्छेदः ५

### कोष ब्यबस्थापन सम्बन्धि ब्यबस्था

**७. खर्चको स्रोत सम्बन्धी व्यवस्थाः**

यस कार्यविधिमा तोकिए वमोजिमका कार्यक्रम सञ्चालन तथा अनुदान प्रदान गर्न देहायका स्रोतबाट प्राप्त रकम प्रयोग गरिनेछ ।

(क) गाउँपालिकाबाट प्राप्त रकम,

(ख) प्रदेश सरकार संघिय सरकार वा अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

**८. लेखा र लेखापरीक्षण सम्बन्धि ब्यबस्था**

अनुदान रकमको लेखा प्रचलित कानून बमोजिम राख्नुपर्नेछ भने अनुदान रकमको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

# परिच्छेदः ६

## विविधः

**९.न्युनतम समर्थन मूल्य निर्धारण गर्ने सम्बन्धी व्यवस्था**

१) प्रत्येक वर्ष दफा ६ बमोजिमको समितिले गरेको सर्वेक्षणका आधारमा प्रति एकाइको उत्पादन लागत( मल ,बिउ, विषादी र श्रम समेत) जोडेर १०% थप मुनाफा जोडेर प्रत्येक वर्ष असार मसान्त भित्र न्यूनतम समर्थन मूल्य तोक्नुपर्नेछ।

२) न्यूनतम समर्थन मूल्य उपलब्ध गराउने कृषि उपज वा पशुपंक्षीजन्य उत्पादकको नाम कपुरकोट गाउँ कार्यपालिकाले प्रत्येक वर्षको जेठ महिनाभित्र तोक्नेछ।

३) कपुरकोट गाउँपालिकाले प्रत्येक वर्षको बजेट तथा कार्यक्रममा न्यूनतम समर्थन मूल्य कोषमा बजेट विनियोजन गर्नुपर्नेछ।

४) उपदफा (३)बमोजिमको रकम जम्मा हुने गरी गाउँपालिकाले छुट्टै एक न्यूनतम समर्थन मूल्य कोष स्थापना गर्नुपर्नेछ। उक्त कोष सञ्चालनमा प्रचलित कानुन बमोजिम हुनेछ।

५) उपदफा ३ बमोजिमको रकममा प्रत्येक वर्ष रकम थप गर्दै जानुपर्नेछ र कुनै वर्ष उक्त कोषमा रकम अपुग भएमा विपद व्यवस्थापनको रकम समेत न्यूनतम समर्थन मूल्य वितरणका लागि प्रयोग गर्न सकिनेछ। यसरी पनि रकम अपुग भएमा गाउँपालिकाले अन्य शीर्षकको रकम रकममान्तर गर्नुपर्नेछ।

६) कृषि उपजहरूको हकमा प्रत्येक वर्ष असार १ गतेदेखि कार्तिक १५ गतेसम्म उत्पादन तथा बिक्री भएको वस्तुको हकमा मात्र न्यूनतम समर्थन मूल्य गर्न सकिनेछ।

७) प्रत्येक बर्षको माघ मसान्त भित्र चालु आवको न्युनतम समर्थन मुल्य वापतको अनुदान पाउने किसानहरुको विवरण तयार पारि समितिबाट सिफारिस भएर गाउँपालिकाबाट चैत्र मसान्तभित्र सम्बन्धित किसानहरुलाई बैंक खातामार्फत भुक्तानी गरिसक्नुपर्नेछ ।

**१०) न्यूनतम समर्थन मूल्य वितरण सम्बन्धी अन्य व्यवस्थाहरु**

१)उत्पादनमा आधारित अनुदानको दफा ९ को उपदफाको व्यवस्था अनुसार समर्थन मूल्य कायम गरिनेछ।

२) अन्य दफा वा उपदफामा जुनसुकै कुरा लेखिएको भएपनि प्रत्येक वडामा कृषि सहकारी वा संकलन केन्द्र सुचिकृत नभएसम्म कृषकहरुको अभिलेखिकरण र कारोवारको हिसाव कपुरकोट कृषि उपज बजार संकलन केन्द्र वा सो मातहतका उपकेन्द्रहरुले गर्नेछन ।

३) सहकारी वा संकलन केन्द्रहरुले सफ्टवेयर प्रणाली विकास गरि किसानहरुको बिक्री वितरणको दैनिक अभिलेख राख्ने ब्यबस्था नभएसम्म कपुरकोट कृषि उपज बजार संचालक समितिले प्रयोगमा ल्याएको सफ्टवयर प्रणालीमा अभिलेखिकरण र सुचिकरण भएका किसानहरुले सोही प्रणालीमा प्रविष्ट भएको विवरणका आधारमा मात्र न्युनतम समर्थन मुल्य वितरण गरिनेछ ।सो बाहेक टोलहरुबाट सिधै विक्रि भएर सफ्टवेयरमा अभिलेखिकरण नभएको अवस्थामा समर्थन मुल्य उपलब्ध हुनेछैन

४) न्युनतम समर्थन मुल्य वितरणको अभिलेख र सम्वन्धित प्रतिवेदनहरु त्रैमासिक रुपमा समितिले गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

११) **शंशोधनः**-यस कार्यविधि कार्यन्वयन मा कुनै समस्या देखियमा गाउँकार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन वा आबश्यक शंशोधन गर्न सक्नेछ ।

**१२)खारेजि र वचाउः-** यस कार्यविधि कार्यान्वयनमा कुनै दुविधा उत्पन्न भएमा गाउँपालिकाले बाधा अड्काउ फुकाउन सक्ने छ भने कुनै बुदाँहरू, प्रदेश कानुन र संघिय कानुन संग वाझिएमा वाझिएको हद सम्म अमान्य हुनेछ ।

**अनुसूची -१**

( दफा ३ को उपदफा ३ बमोजिमको निवेदन ढाँचा)

न्यूनतम समर्थन मूल्य पाउने वस्तुको विवरणः-

१-बन्दा

२)काउली

३)टमाटर

## अनुसूची-२

न्यूनतम समर्थन मूल्यको लागि दिइने निवेदनको ढाँचा-

श्री.......................................ज्यु

म\हामि....................................................................ले ..........................................नामको .................................... ................................ दरभाउमा विक्रि गरेको हुदा म\हामिले पाउनु पर्ने ...............................रकम उपलब्ध गाराई दिनुहुन अनुरोध गर्दछौं ।

निबेदक

हस्ताक्षर-

मिति

..........................
आज्ञाले
भरत कुमार वली
प्रमुख प्रशासकिय अधिकृत